आज मिति २०७९/०२/३० गते सोमबारका दिन यस दुर्गाथली गाँउपालिकाका अध्यक्ष श्री दिलबहादुर थापाको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक बसी देहायबमोजिकका सदस्यको उपस्थितिमा बसी निम्नानुसारको निर्णय गरियो ।

| क्र.स. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री दिलबहादुर थापा | अध्यक्ष | | |
| २. | श्री जनक बहादुर दौल्याल | उपाध्यक्ष | | |
| ३. | श्री अम्मरराज धामी | वडाध्यक्ष १ | | |
| ४. | श्री धनराज मिश्र | वडाध्यक्ष २ | | |
| ५. | श्री रमेश बहादुर बोहरा | वडाध्यक्ष ३ | | |
| ६. | श्री शिवराज जोशी | वडाध्यक्ष ४ | | |
| ७. | श्री वकिल बहादुर जप्रेल | वडाध्यक्ष ५ | | |
| ८. | श्री जय बहादुर महता | वडाध्यक्ष ६ | | |
| ९. | श्री सुरज बहादुर दौल्याल | वडाध्यक्ष ७ | | |
| १०. | श्री सुधा विष्ट रावल | का.पा. सदस्य | | |
| ११. | श्री देवकी कुमारी खड्का | का.पा.स. | | |
| १२. | श्री मनकेश्वरी कुमारी रोकाया | का.पा.स. | | |
| १३. | श्री हिरादेवी झुटेडी | का.पा.सदस्य | | |
| १४. | श्री जयबहादुर साँकी | का.पा.सदस्य | | |
| १५. | श्री प्रकास बहादुर कर्मी | का.पा.स. | | |
| १६. | श्री देवी प्रसाद जोशी | स.सचिव | | |

**अन्य उपस्थिती**

| क्र.स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | कमल क० टोप्याल | प्र.अ. | | |
| २. | मकर बहादुर मण्डेला | ना० सु० | | |
| ३. | धर्म बहादुर रोकाया | सूचना अधिकारी | | |
| | | | | |
| | | | | |

**प्रस्तावहरु**

**१- धन्यवाद तथा कृतज्ञता प्रकट सम्बन्धमा ।**

२- गाँउपालिका प्रशासनिक भवन सम्बन्धमा ।

३- विषयगत समिति गठन सम्बन्धमा ।

४- सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

५- शिक्षक दरबन्दी मिलान सम्बन्धमा ।

६- गणित, विज्ञान, अंग्रेजी शिक्षक व्यवस्थापन सम्बन्धमा ।

७- मदिरा नियन्त्रण कार्यविधि सम्बन्धमा ।

८- सरुवा सहमति सम्बन्धमा ।

९- अध्यक्ष छात्रवृती कोष सञ्चालन कार्यविधि सम्बन्धमा ।

१0-गाउँपालिकाको प्राविधिक स्टमेट सम्बन्धमा ।

११-वस्ती स्तरवाट योजना छनोट सम्बन्धमा ।

१२-कर्मचारी कल्याण कोष खाता सञ्चालन सम्बन्धमा ।

१३- कार्यपालिकाको प्रवक्ताको जिम्मेवारी सम्बन्धमा ।

**निर्यण नं. १ माथि छलफल गर्दा मिति २०७९/०१/३० भएको** स्थानीय तहको निर्वाचनमा सहभागी भएका दुर्गाथली गाउँपालिकाका मतदाता एंम आम जनतालाई नवनिर्वाचित जनप्रतिनिधिको तर्फबाट विशेष धन्यवाद ज्ञापन गर्ने निर्णय सर्वसम्वत रुपमा पारित गरियो ।

**निर्णय नं २** माथि छलफल गर्दा गाँउपालिकाले आह्वान गरेको प्रशासनिक भवनको ठेक्कामा विभिन्न प्रक्रियागत र कानुनी त्रुटीहरु देखिएकोले प्रमुख प्रशासकीय अधिकृतले तयार पारी गाँउपालिका अध्यक्षले सदर गरेको टिप्पणीलाइ अनुमोदन गर्ने भन्ने निर्णय गरियो ।

निर्णय नं.३ माथि छलफल गर्दा देहायका विषयगत समिति र समितिमा रहने सदस्यहरु गठन गर्ने निर्णय गरियो ।

१- स्थानीय राजश्व परामर्श समिति –

क-जनक बहादुर दौल्याल- संयोजक

दुर्गाथली गाउँपालिका चौधरी बझाङ

ख- देवी प्रसाद जोशी- सदस्य

ग- जयबहादुर सार्की- सदस्य

घ- हिरादेवी झुटेडी- सदस्य

ङ- मान बहादुर थापा -सदस्य

२- बजेट तथा कार्यक्रम तर्जुमा समिति-

क- जनक बहादुर दौल्याल- संयोजक

ख- देवी प्रसाद जोशी- सदस्य

ग- देवकी कुमारी खड्का – सदस्य

घ- युवराज विस्ट- सदस्य

ङ- शाखा प्रमुख – सदस्य सचिव

३- स्रोत अनुमान तथा सिमा निर्धारण समिति

क- दिल बहादुर थापा -संयोजक

ख- जनक बहादुर दौल्याल- सदस्य

ग- देवी प्रसाद जोशी – सदस्य

घ- मन्केश्वरी कुमारी रोकाया – सदस्य

ङ- सुधा विस्ट रावल- रावल

४- न्यायिक समिति-

क- जनक बहादुर दौल्याल- संयोजक

ख- साथी नेपाली - सदस्य

ग- युवराज विस्ट – सदस्य

५- योजना अनुगमन समिति-

क- जनक बहादुर दौल्याल – संयोजक

ख- देवी प्रसाद जोशी – सदस्य

ग- प्रकास कर्मी – सदस्य

घ- सुधाविष्ट रावल – सदस्य

ङ- शाखा प्रमुख- सदस्य

६- सामाजिक विकास समिति

क- वकिल जप्रेल – संयोजक

दुर्गाथली गाउँकार्यपालिका चौधरी बझाङ

ख- कविता रावल- सदस्य

ग- रामबहादुर वि.क. कामी – सदस्य

घ- अग्नी जप्रेल- सदस्य

ङ- शाखा प्रमुख - सदस्य

७- आर्थिक विकास समिति-

क- धनराज मिश्र- संयोजक

ख- दिपकराज पाण्डेय- सदस्य

ग- सरितादेवी ओली भण्डारी- सदस्य

घ- वलबहादुर जाग्री -सदस्य

८- पुर्वाधार विकास समिति-

क- सुरज बहादुर दौल्याल- संयोजक

ख- अजय खाती- सदस्य

ग- शान्तीदेवी महत-सदस्य

घ- रेजिना कुमारी सार्की- सदस्य

ङ- वीर वहादुर जप्रेल – सदस्य

९- वन तथा वातावरण विपत व्यवस्थापन समिति-

क- जय बहादुर महता- संयोजक

ख- लक्ष्मी देवी दमाई- सदस्य

ग- सिमचढीदेवी दौल्याल- सदस्य

घ- बृख धामी – सदस्य

ङ- शाखा प्रमुख – सदस्य सचिव

१०- महिला तथा वालवालिका समिति-

क- देविका कुमारी खड्का – संयोजक

ख- सोल्चना वि.क.- सदस्य

ग- डबल धामी- सदस्य

घ- देवराज थापा- सदस्य

ङ- शाखा प्रमुख – सदस्य

११- संस्थागत विकास तथा सुशासन समिति-

क- शिवराज जोशी- संयोजक

ख- देवराज थापा – सदस्य

ग- रेजिना कुमारी सार्की- सदस्य

घ- प्रकास कर्मी- सदस्य

ङ- केशवराज जोशी – सदस्य

१२- अपाङ्ग परिचय पत्र वितरण तथा समन्वय समिति-

क- जनक बहादुर दौल्याल- संयोजक

ख- खगेन्द्र मिश्र – सदस्य

ग- हिरादेवी झुटेडी- सदस्य

घ- खडक जप्रेल- सदस्य

ङ- सिद्दराज रावल- सदस्य

च- मेखराज जोशी सदस्य सचिव

**निर्णय नं ४** माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता लाभग्राहीलाई बैंकमा स्यंम उपस्थित भई भुक्तानी लिन कठिन भएकोले भौगोलिक हिसाबले दुर्गम तथा विकट क्षेत्रमा बैंकिङ्ग घुम्ती सेवा सन्चालन गर्नको लागि गाँउपालिकाबाट आवश्यक सहयोग तथा सहजीकरण गर्ने भन्ने निर्णय गरियो ।

**निर्णय नं ५** माथि छलफल गर्दा गाँउपालिका भित्रका विद्यालयमा आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान सम्बनधी विस्तृत अध्ययन यस कार्यपालिकालाई १ महिना भित्र अध्ययन प्रतिवेदन पेश गर्नको लागि सामाजिक विकास शाखाका संयोजकको अध्यक्षतामा ५ सदस्यिय तपशिल बमोजिमको शिक्षक दरबन्दी मिलान कार्यदल गठन गर्ने भन्ने निर्णय गरियो ।

दुर्गाथली गाँउकार्यपालिका चौधरी बझाङ

**तपशिल**

१- सामाजिक विकास समिती संयोजक - अध्यक्ष

२- प्रधानाध्यापक मध्ये सबै भन्दा शिनियर - सदस्य

३- विव्यस अध्यक्ष मध्ये सबैभन्दा बढी विद्यार्थी सङ्ख्या भएको विद्यालयको अध्यक्ष – सदस्य

४- शिक्षा तथा प्रशासनिक क्षेत्रमा कम्तिमा १० वर्ष कार्यानुभव भएका मध्ये गाँउपालिका अध्यक्षले मनोनित गरेको १ जना – सदस्य

५- शिक्षा शाखा प्रमुख – सदस्य सचिव

निर्णय नम्बर ६ माथी छलफल गर्दा दुर्गाथली गाउँपालिका भित्र रहेका सम्पुर्ण सामुदायिक माध्यामिक विद्यालयहरुमा विधार्थी र शिक्षक संख्याको एकिन तथ्याङ्क गाउकार्यपालिकामा उपलव्ध गाउँकार्यपालिकाले कार्यविधि तयार गरी गर सोही आधारमा आ ब २०७९।०८० देखि आवश्यक शिक्षकको व्यवस्था गर्ने भन्ने निर्णय गरियो ।

**निर्णय नं ७** माथि छलफल गर्दा गाँउपालिका भित्र मदिरा नियन्त्रण तथा नियमन गर्नका लागि मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७९ स्विकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं ८** माथि छलफल गर्दा यस गाँउपालिका भित्र स्वास्थ्य संस्थामा दरवन्दी तेरिज अनुसार सिअहेव पदको दरवन्दी रित्त नरहेको र मिति २०७८/११/२९ गतेको स्वास्थ्य तथा जनसंङ्ख्या मन्त्रालय कर्मचारी प्रशासन शाखाको च.न. २३०६ को पत्रानुसार कसैलाई पनि फाजिलमा रहने गरी सहमति दिन नसकिने तथा फाजिलमा रहेको कर्मचारीको तलवभत्ता पनि मन्त्रालयले नवेहोर्ने भन्ने व्यहोराको पत्राचार गरेकोले मिति २०७९/०२/१६ गते श्री वकिल बहादुर सिंहलाई दिइएको सहमति खारेज गर्ने भन्ने निर्णय गरियो ।

**निर्णय नं. ९** माथि छलफल गर्दा यस आ.ब.को स्वीकृत बजेट अनुसार अध्यक्ष छात्रवृती कार्यक्रम सञ्चालनका लागि अध्यक्ष छात्रवृती कार्यविधी तथा मापदण्ड २०७९ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १० माथि छलफल गर्दा गाउँपालिका वाट भुक्तानी हुने सम्पुर्ण योजनाको लागत अनुमान नेपाली भाषामा तयारी पारी सम्झौता गर्ने भन्ने निर्णय गरियो ।**

**निर्णय नम्बर ११ माथि छलफल गर्दा आ व २०७९।०८० का लागि सम्पुर्ण वडाहरुले वस्ती स्तरवाट मिति २०७९।०३।०५ गते भित्र योजनाहरु छनोट गरी गाउँपालिकामा पेश गरिसक्ने भन्ने निर्णय गरियो ।**

दुर्गाथली गाउँकार्यपालिका बझाङ

निर्णय नम्बर १२ माथी छलफल गर्दा यस दुर्गाथली गाउँपालिका भित्र कार्यरत कर्मचारीहरुको बृत्ती विकासका लागी कर्मचारी कल्याण कोष खाता गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत र लेखाशाखा प्रमुखको हस्ताक्षर वाट सञ्चालन गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय बझाङ्ग लाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नम्बर १३ माथी छलफल गर्दा यस दुर्गाथली गाउकार्यापालिकाको प्रवक्ताको जिम्मेवारी वडा न १ का वडा अध्यक्ष श्री अम्मराज धामी लाइ तोक्ने निर्णय सर्व सम्मतीवाट पारित गरियो

दुर्गाथली गाउँकार्यपालिका चौधारी बझाङ